स्कोप बचत तथा ऋण सहकारी संस्था लि.
SCOPE Saving and Credit Co-operative Society Ltd.

# २२ औं वार्षिक साधारण सभा
# प्रतिवेदन तथा निर्णय

स्कोप बचत तथा ऋण सहकारी संस्था लि.को २२ औं वार्षिक साधारण सभा मिति २०७२ आश्विन २३ गते शनिबार अशोक पार्टी प्यालेस ल.पु.मा सम्पन्न भयो । संस्थाका अध्यक्ष श्री अनिल वीर बज्राचार्यज्यूको सभापतित्वमा सम्पन्न भएको उक्त सभाको प्रमुख अतिथि रुद्रवर्ण महाविहार, ओकुबहाल, ललितपुरका थपाआजु श्रद्धेय दान बहादुर शाक्यज्यू रहनुभएको थियो । प्रथम सत्र र दोश्रो सत्र गरी दुई भागमा सम्पन्न भएको उक्त सभामा संस्थाका कुल २८२३ सदस्यहरु मध्ये जम्मा २५५३ जना सदस्यहरुको उपस्थिति रहेको थियो ।

संस्थाका सचिव श्री दीपक राज शाक्यज्यूले संचालन गर्नु भएको वार्षिक साधारण सभाको शुभारम्भ राष्ट्रिय गान र संस्थाको संस्थागत गीतबाट गरिएको थियो । कार्यक्रमको प्रारम्भमा आ.ब. २०७१।०७२ मा देहावसान हुने संस्थाका सदस्यहरु क्रमशः स्व. पुण्य राज बज्राचार्य (सदस्य नं. २३४८), स्व. जमुना शाक्य (सदस्य नं. २७६), स्व. विष्णु बहादुर श्रेष्ठ (सदस्य नं. २६१७), स्व. बिनोद बज्राचार्य (सदस्य नं. १४६६) र स्व. चिनि माया शाक्य (सदस्य नं. १५३९) को सम्झनामा मृतकहरुको चिरशान्तिको कामना गर्दै १ मिनेट मौन धारण गरिएको थियो । मौन धारण पश्चात् सभामा उपस्थित सम्पूर्ण अतिथि महानुभावहरुलाई संस्थाका उपाध्यक्ष श्री यज्ञ राज बज्राचार्यज्यू र कोषाध्यक्ष श्री धर्म रत्न शाक्यज्यूले खादा तथा ब्याच वितरण गर्नुभएको थियो । तत्पश्चात् संस्थाका अध्यक्ष श्री अनिल वीर बज्राचार्यज्यूले स्वागत मन्तव्य र आ.ब. २०७१।०७२ को प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । स्वागत मन्तव्य र प्रगति प्रतिवेदन प्रस्तुति पछि वार्षिक साधारण सभाका प्रमुख अतिथि थपाआजु श्रद्धेय दान बहादुर शाक्यज्यूले पानसमा दीप प्रज्वलन गरि सभाको समुदघाट्न गर्नुभएको थियो । समुद्घाटन कार्यक्रम पछि संस्थाका लेखा तथा सुपरिवेक्षण समितिका संयोजक श्री आनन्द वीर बज्राचार्यज्यूले आ.ब. २०७१।०७२ को लेखा प्रतिवेदन प्रस्तुत गरेको थियो । लेखा प्रतिवेदन पश्चात् मन्तव्यको कार्यक्रम प्रारम्भ भएको थियो । कार्यक्रममा संस्थाका सल्लाहकार श्री वीर काजी शाक्यज्यू र जिल्ला सहकारी संघ लि., ललितपुरका संचालक श्री करुणा रत्न बज्राचार्यज्यूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । मन्तव्य पश्चात् संस्थाका संचालक समितिका सदस्य श्री सुनिल बज्राचार्यज्यूले आ.ब. २०७१।०७२ मा संस्थामा ऋण कारोबार गरी सर्वोकृष्ट हुने तीन जना सदस्यहरु क्रमशः श्री चन्द्र लक्ष्मी शाक्य (सदस्य नं. ३०३), श्री सुरेश तण्डुकार (सदस्य नं. ६८८) र श्री पविता ताम्रकार (सदस्य नं. ११५३) को नाम घोषणा गरिएको थियो । उत्कृष्ट ऋणीहरुको नाम घोषणा पश्चात् सम्मान कार्यक्रम प्रारम्भ गरिएको थियो । संस्थाका प्रबन्धक श्री बाबु राजा बज्राचार्यज्यूबाट संचालन गरिएको सम्मान कार्यक्रममा संस्थाको नियमित बचततर्फ उत्कृष्ट हुनेहरु श्री दान केशरी बज्राचार्य (सदस्य नं. ११४८), श्री शुक्र राज शाक्य (सदस्य नं २१६), श्री निर्मला बज्राचार्य (सदस्य नं. ४०९), श्री राज काजी शाक्य (सदस्य नं. ७९६) र श्री गणेश मान डंगोल(सदस्य नं. ८७६), नारी बचततर्फ उत्कृष्ट हुने श्री गंगा बज्राचार्य (सदस्य नं. ५६१) र श्री चन्द्र देवी धाख्वा (सदस्य नं. १४१६) एवं उत्कृष्ट शेयर सदस्यमा श्री सुजन शाक्य (सदस्य नं. ५०) र संस्थाका सदस्य परिवारका छोरा छोरी मध्ये वि.सं. २०७१ को SLC परीक्षामा उत्तीर्ण हुने उत्कृष्ट छात्र र छात्राको नाम घोषणा गरी सम्मान गरिएको थियो । उत्कृष्ट हुनेहरुलाई पूर्व मन्त्री श्री बुद्धि राज बज्राचार्यज्यू, पूर्व मुख्य सचिव तथा लोक सेवा आयोगका पूर्व अध्यक्ष श्री तीर्थ मान शाक्यज्यू र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून)का उपाध्यक्ष श्री डि. बि. बस्नेतज्यूले सम्मान गर्नु भएको थियो ।

सम्मान कार्यक्रमको क्रममा नेपालको परम्परागत धातुकलाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा पुऱ्याउनु भएको अतुलनीय योगदान तथा उपलब्धिहरुको मूल्यांकन गर्दै संस्थाको वार्षिक साधारण सभाको अवसरमा संस्थाका सदस्य नं. ५७० का श्री राज कुमार शाक्यज्यूलाई विशेष सम्मान गरिएको थियो । सम्म्मान कार्यक्रम पश्चात संस्थाको तर्फबाट अध्यक्षज्यूले वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यूलाई दान प्रदान गर्नुका साथै मायाको चिनो प्रदान गरिएको थियो ।

प्रथम सत्रको अन्तमा संस्थाका उपाध्यक्ष श्री यज्ञ राज बज्राचार्यज्यूले कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरिए पश्चात् सभापति श्री अनिल वीर बज्राचार्यज्यूले प्रथम सत्रको सम्पूर्ण कार्यक्रमहरु समाप्त भएको घोषणा गर्दै सभा बिसर्जन गर्नुभएको थियो ।

दोश्रो सत्रको प्रारम्भमा २०७१ सालको SLC परिक्षामा उत्तीर्ण हुने संस्थाका सदस्य परिवारका छोरा छोरीहरुलाई संस्थाका अध्यक्ष, निवर्तमान अध्यक्ष र उपाध्यक्षज्यूले प्रमाण पत्र तथा उपहार वितरण गरिए पश्चात् दोश्रो सत्रको कार्यक्रम संस्थाका सचिव श्री दीपक राज शाक्यज्यूले प्रारम्भ गरिएको थियो । दोश्रो सत्रमा निम्न विषयहरु उपर सदस्यहरुसंग विस्तृत रुपमा छलफल गरी निर्णयहरु गरियो ।

**<u>दोश्रो सत्रको छलफलका विषयहरु</u>**

१) आ.ब. २०७१।०७२ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन ।
२) संस्थाको आ.व. २०७१/०७२ को लेखा परीक्षकको प्रतिवेदन, वासलात र आयव्यय विवरण प्रस्तुति, छलफल र अनुमोदन ।
३) आ.व. २०७२/०७३ को लागि लेखा परीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४) लाभांश रकम १३% का दरले बितरण गर्ने प्रस्ताव पेश गर्ने र अनुमोदन गर्ने ।
५) सदस्य स्वास्थ्य सेवा अक्षय कोषमा जम्मा हुने गरी प्रति सदस्य रु. ५०।- कट्टि गर्ने ।
६) विनियम संशोधन गर्ने ।
७) निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सदस्यहरुको तर्फबाट प्रतिनिधि नियुक्ति गर्ने ।
८) विविध ।

दोश्रो सत्रको उपरोक्त विषयहरु उपर संस्थाका निम्न सदस्यहरुले उल्लेखित विषय सम्बन्धमा प्रश्न तथा जिज्ञासाहरुका साथै आफ्नो राय, सल्लाह, सुझाव पनि दिएका थिए । प्रश्न तथा सल्लाह सुझाव दिने सदस्यहरु निम्न थिए :

१) नरसिंह लाल चखुं (सदस्य नं. १३१३)

जिज्ञासा तथा रायहरु -

(क) १३% लाभांशको प्रस्ताव स्वागत योग्य छ साथै आगामी दिनमा १५% सम्म लाभांश दिनु पर्ने ।
(ख) मध्यमाञ्चल विकास क्षेत्रको उत्कृष्ट सहकारी हुनु भएकोमा बधाई ज्ञापन ।
(ग) ACCESS Branding कार्यक्रमको Audit समयमै हुनु पर्ने ।
(घ) Banalce Sheet स्तरिय र उत्कृष्ट छ ।
(ङ) लेखा समितिको प्रतिवेदनमा संचालक समितिको निर्णय कार्यान्वयन भएको र नभएको उल्लेख गर्नु पर्ने ।
(च) लेखा समितिले संस्थाको विविध कार्यहरुमा भएको कमि कमजोरीहरुका साथै समाधानका उपाय पनि उल्लेख गर्नु पर्ने ।
(छ) संस्थाका समिति, उप-समिति तथा व्यवस्थापनका पदाधिकारीहरुलाई तालिमहरु दिनु पर्ने र तालिमको मूल्यांकन गर्नुपर्ने ।
(ज) सदस्यहरु संगको सम्बन्ध विस्तारलाई थप मजबुत बनाउनु पर्ने ।
(झ) सहकारी मर्जर एक्वीजिसनमा छलफल गर्दै जानु पर्ने ।

२) मधुर शाक्य (सदस्य नं. २३)

जिज्ञासा तथा रायहरु -

(क) संस्थाको प्रतिवेदनमा संस्थापक सदस्यहरुको फोटो पनि राख्नु पर्ने ।

(ख) सदस्यहरुलाई विभिन्न कार्यक्रम तथा तालिमको सुविधा दिनु पर्ने ।
(ग) हस्तकलाका कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने ।

३) बुद्ध रत्न शाक्य (सदस्य नं. १०)
जिज्ञासा तथा रायहरु -
(क) हस्तकला उप-समिति गठन गर्नु पर्ने आवश्यक देखिएको ।

४) तारा मुनि शाक्य (सदस्य नं. १५४)
जिज्ञासा तथा रायहरु -
(क) संस्थाका योजनाहरु र सोको उपलब्धीहरु प्रतिवेदनमै उल्लेख गर्नु पर्ने ।

५) राज भाइ शाक्य (सदस्य नं. ३८)
जिज्ञासा तथा रायहरु -
(क) ACCESS Branding कार्यक्रमबारे सदस्यहरुलाई लिखित रुपमा सुसूचित गर्नुपर्ने ।

६) प्रदिप शाक्य (सदस्य नं. ५७८)
जिज्ञासा तथा रायहरु -
(क) १ वर्ष र सोभन्दा बढि समयसम्म नियमित बचत र ऋणको साँवा तथा व्याज नतिर्ने सदस्यहरुलाई अर्को वर्ष देखि वार्षिक साधारण सभाको उपस्थिति परिवहन नदिने भन्ने संस्थाले गरेको निर्णय सम्बन्धमा सो निर्णय उचित नभएको ।

७) रितेश बज्राचार्य (सदस्य नं. ४९१)
जिज्ञासा तथा रायहरु -
(क) साधारण सभामा सदस्यहरुले राखेका प्रश्न, जिज्ञासा तथा रायहरुलाई आगामी वर्षदेखि संस्थाको वार्षिक प्रतिवेदनमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने ।

माथि उल्लेखित सदस्यहरुको प्रश्न, राय तथा जिज्ञासाहरुलाई संस्थाका अध्यक्ष, सचिव, लेखा संयोजक तथा प्रबन्धकज्यूले स्पष्ट रुपमा जवाफ दिएका थिए । दोश्रो सत्रको माथि उल्लेखित विषयहरु उपर गहन रुपमा छलफल गरी निम्नानुसार निर्णयहरु गरियो ।

**निर्णय नं. १**

आ.ब. २०७१।०७२ को वार्षिक प्रतिवेदनको विभिन्न विषयहरु सम्बन्धमा गहन रुपमा छलफल गरि सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं. २**

आ.ब. २०७१।०७२ को लेखा परिक्षकको प्रतिवेदन, वासलात तथा आयव्यय विवरण, नगद प्रवाह विवरण लगायत अनुसूचीहरु सम्बन्धमा व्यापक रुपमा छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं. ३**

आ.ब. २०७२/०७३ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभाबाट संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

संचालक समितिले प्रस्ताव गरे बमोजिमको आ.व. २०७१/०७२ को नियमित कारोबारबाट भएको बचतमा नियमानुसार कर कट्टि गरी बाँकी रहेको खुद बचत रु. ७८,२७,२६३।२७ (अक्षरेपी रु. अठहत्तर लाख सत्ताइस हजार दुई सय त्रिसाठी रुपैया र सत्ताइस पैसा मात्र) मध्येबाट सदस्यहरुको लागि चुक्ता पूँजीको १३% का दरले लाभांश बितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं. ५**

गम्भीर प्रकृतिको बिरामी (किड्नी, मुटु, क्यान्सर रोगको गम्भिर बिरामी) हुने संस्थाका सदस्यहरुलाई स्वास्थ्य सहयोग गर्दै जाने उद्देश्य अनुरुप खडा भएको सदस्य स्वास्थ्य सेवा अक्षय कोषमा जम्मा हुने गरी यस वर्ष पनि प्रत्येक सदस्यबाट रु. ५०।- लिने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं. ६**

संस्थाको विद्यमान विनियमको निम्नलिखित दफाहरुको संशोधन तथा दफाहरु थप गर्ने संचालक समितिको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

| क्र. सं. | विनियमको दफा | साबिक व्यवस्था | परिमार्जित व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | दफा १ "ख" | **संस्थाको नाम र ठेगाना :** यस संस्थाको ठेगाना ललितपुर, बालिफल हुनेछ । | **संस्थाको नाम र ठेगाना :** यस संस्थाको ठेगाना सौगल - ८, ललितपुरमा हुनेछ । | संस्थाको ठेगाना परिवर्तन भइसकेको हुनाले । |
| २ | दफा ३ "ञ" | साबिकमा व्यवस्था नभएको | परिभाषा : ञ) व्यवस्थापन भन्नाले संस्थाको दैनिक कार्यहरु सम्पादन गर्नुका साथै अन्य गतिविधिहरु सम्पन्न गर्नको लागि आवश्यक कार्य गर्ने कर्मचारीहरुको समूहलाई जनाउने छ । | विनियमको विभिन्न दफाहरुमा व्यवस्थापन शब्द उपयोग भइरहेको र सो शब्दलाई प्रष्ट गर्नु पर्ने भएकोले । |
| ३ | दफा ९ | **प्रवेश शुल्क :** विनियमको दफा ७ अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रु. २५।- र सदस्यता शुल्क रु. ५०।- बुझाउनु पर्नेछ । | **प्रवेश शुल्क :** विनियमको दफा ७ अनुसार सदस्यता निवेदन स्वीकृत भएको अवस्थामा निवेदकले संचालक समितिले निर्णय गरे बमोजिमको प्रवेश शुल्क र सदस्यता शुल्क (पछि फिर्ता नहुने) बुझाउनु पर्नेछ । | शुल्कहरु संचालक समितिले निर्णय गरे पुग्ने भएकोले । |
| ४ | दफा १६ "क" | संस्थाको पूँजी संकलनको लागि प्रति शेयर रु. १००।- का २,००,००० थान शेयर जारी गरिनेछ । | संस्थाको पूँजी संकलनको लागि प्रति शेयर रु. १००।- (अक्षरेपी रु. एक सय मात्र) का १०,००,००० (दश लाख) थान शेयर जारी गरिनेछ । | संस्थालाई दिगो र मजबुत बनाउनको लागि । |
| ५ | दफा १९ "ख" | साबिकमा व्यवस्था नभएको | संस्थाले सदस्यहरुको हितको लागि विभिन्न किसिमका बचतका सेवाहरु प्रदान गरिनेछ । | समयानुकूल सदस्यहरुको आवश्यकता अनुसारको बचतका प्रकार तथा सेवाहरु थप गर्नु पर्ने भएकोले । |
| ६ | दफा १९ "ग" | साबिकमा व्यवस्था नभएको | बचतका किसिमहरुलाई प्रवर्द्धन गर्न बचत नीति बनाई कार्यान्वयन गरिनेछ । | बचत सम्बन्धी नियमहरु बचत नीति अन्तर्गत राख्दा उपयुक्त देखिएकोले । |

| | | | | |
|---|---|---|---|---|
| ७ | दफा २२ "क" | **ऋण लिने प्रक्रिया :** संस्थाबाट ऋण लिनु पर्दा संस्थाले तोकेको ऋण निवेदन फाराम भरी ऋण उप-समितिको समक्ष प्रस्तुत गर्नु पर्नेछ । | **ऋण प्रक्रिया :** संस्थाले सदस्यहरुलाई ऋण दिंदा तथा अन्य संघ संस्थासंग ऋण लिनु वा दिनु पर्दा संस्थाको ऋण नीति अन्तर्गत रही कारोबार गरिनेछ । | ऋण सम्बन्धी नियमहरु ऋण नीति अन्तर्गत राख्दा उपयुक्त देखिएकोले । |
| ८ | दफा २२ "ख" | सदस्यको बचत रकम, अन्य बचतकर्ता सदस्यहरुको जमानी वा अन्य स्वीकृत धितो रकमको आधारमा ऋण उप-समितिको सिफारिशमा समितिबाट ऋण प्रदान गरिनेछ । समितिले तोकिएको रकमसम्म ऋण प्रदान गर्न ऋण उप-समितिलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ | संस्थाको ऋण नीति अनुसार सदस्यहरुको बचत रकम, जमानी र अन्य स्वीकृत धितोको मूल्यांकनको आधारमा समिति, ऋण उप-समिति र व्यवास्थापनले आ-आफ्नो अधिकार क्षेत्र भित्र रही ऋण प्रदान गरिनेछ । | ऋण कारोबारलाई व्यवस्थित, सहज र उपलब्धीमूलक बनाउन आवश्य देखिएकोले । |
| ९ | दफा ५९ | संस्था सक्षम भई संस्थाको व्यवस्थापनलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि व्यवस्थापक एवं अन्य कर्मचारी हरुको योग्यता, छनौट, नियुक्ति, तलब निर्धारण र अन्य सुविधाहरु र सरुवा बढुवा सम्बन्धी व्यवस्था संस्थाको प्रशासनिक नियमावली साधारण सभाबाट अनुमोदन गराई लागु गर्नेछ । कुनै विशेष कारणवस व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिको निर्देशनको आधारमा प्रबन्धकीय कर्मचारीको रुपमा संस्थाको सचिव वा कोषाध्यक्षले काम गर्नेछ । | संस्था सक्षम भई संस्थाको व्यवस्थापनलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि व्यवस्थापक एवं अन्य कर्मचारीहरुको योग्यता, छनौट, नियुक्ति, तलब निर्धारण र अन्य सुविधाहरु र सरुवा बढुवा सम्बन्धी व्यवस्था संस्थाको कर्मचारी प्रशासन नियमावली साधारण सभाबाट अनुमोदन गराई लागु गर्नेछ । | प्रबन्ध संचालक भई कार्य गर्न आवश्यक नदेखिएकोले । |
| १० | दफा ६५ | **समितिका सदस्य अवैतनिक :** कुनै पनि समितिका पदाधिकारीहरु लगायत सदस्यहरु अवैतनिक हुनेछन् । तर संचालक सदस्य मध्ये कसैले प्रबन्ध संचालकका रुपमा कार्य गरी लिएको पारिश्रमिकलाई यो नियमले बाधा पुऱ्याएको मानिने छैन । | **समितिका सदस्य अवैतनिक :** कुनै पनि समितिका पदाधिकारीहरु लगायत सदस्यहरु अवैतनिक हुनेछन् । | प्रबन्ध संचालक भई कार्य गर्न आवश्यक नदेखिएकोले । |

**निर्णय नं. ७**

आर्थिक वर्ष २०७१।०७२ को अवधि भित्रमा यस संस्थाको संचालक समितिले गरेका निर्णयहरु सर्वसम्मतिबाट अनुमोदन गरियो ।

**निर्णय नं. ८**

संस्थाका सदस्यहरुलाई समयानुकुल छिटो छरिटो र उपलब्धीमूलक रुपमा सेवाहरु दिन संस्थामा विद्यमान नीतिहरुमा आवश्यकता अनुसार संशोधन गर्न तथा नयाँ नीतिहरु बनाउन आवश्यक कार्यहरु गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

संस्थाको २२ औं वार्षिक साधारण सभाको निर्णयलाई वैधानिकता दिनको लागि वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न साधारण सदस्यहरु मध्येबाट श्री मन्दिरा शाक्य (सदस्य नं. ९३०) लाई साधारण सभाको प्रतिनिधिको रुपमा छनौट गर्ने निर्णय गरियो भने संचालक समिति तर्फबाट सचिव श्री दीपक राज शाक्यलाई छनौट गर्ने निर्णय गरियो ।

दोश्रो सत्रको सम्पूर्ण विषयहरुमा छलफल गरी पारित भइसकेपछि वार्षिक साधारण सभामा प्रश्न, जिज्ञासा तथा राय राख्ने सदस्यहरु मध्ये उत्कृष्ट सदस्य (प्रश्न, जिज्ञासा तथा राय दिनेहरु मध्ये) दुई जनाको नाम (श्री तारा मुनि शाक्य, सदस्य नं. १५४ र श्री नरसिंह लाल चखुं, सदस्य नं. १३१३) संस्थाका सल्लाहकार श्री ऋद्धि लक्ष्मी शाक्यज्यूले घोषणा गरिए पश्चात् उत्कृष्ट हुनेहरुलाई सम्मान गरिएको थियो । अन्तमा संस्थाका अध्यक्ष श्री अनिल वीर बज्राचार्यज्यूले उपस्थित सम्पूर्ण सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा सदस्यहरुबाट नियमित रुपमा राय, सल्लाह, सुझाव र सहयोग प्राप्त हुनेछ भनी आशा गर्दै दोश्रो सत्रको सम्पूर्ण कार्यक्रमहरु समापन गरियो ।

दोश्रो सत्रको कार्यक्रमहरु समाप्ति पछि भाग्यशाली आवधिक बचतकर्ता र DOOR PRIZE कार्यक्रम संचालन गरियो । संस्थाको व्यवस्थापन समूहका सदस्यहरुबाट संचालन गरेको उक्त कार्यक्रममा आवधिक बचत तर्फ रु. ५ लाख र सोभन्दा माथि बचत गर्ने सबै सदस्यहरुलाई समावेश गरी भाग्यशाली बचतकर्ता छनौट गरिएको थियो भने DOOR PRIZE तर्फ सभामा उपस्थित सदस्यहरु बीचमा भाग्यशाली सदस्यहरु छनौट गरिएको थियो । सो कार्यक्रममा निम्न भाग्यशाली सदस्यहरुले उपहारहरु प्राप्त गरेका थिए ।

**आवधिक बचततर्फ उपहार प्राप्त गर्ने भाग्यशाली विजेताहरु :**

१) सदस्य नं. ६०४ की श्री दुर्गा देवी शाक्य
२) सदस्य नं. १८३६ की श्री सुनिता बज्राचार्य
३) सदस्य नं. १५ की श्री बुद्ध लक्ष्मी शाक्य

**Door Prize तर्फ उपहार प्राप्त गर्ने भाग्यशाली विजेताहरु :**

१) सदस्य नं. २१७७ का श्री सन्देश शाक्य
२) सदस्य नं २७०५ का श्री ईश्वर लाल श्रेष्ठ
३) सदस्य नं. १३४० का श्री निर्देश राज बज्राचार्य
४) सदस्य नं. १६६२ की श्री पूर्ण शोभा बज्राचार्य
५) सदस्य नं. ३८ का श्री राज भाइ शाक्य
६) सदस्य नं. २४६९ का श्री संजय बज्राचार्य

**Door Prize अन्तर्गत समिति, उप-समिति, व्यवस्थापन समूह तर्फ उपहार प्राप्त गर्ने भाग्यशाली विजेता :**

१) सदस्य नं. ३०१ का श्री रुजन बज्राचार्य (संचालक सदस्य)

माथि उल्लेखित कार्यक्रमहरुको समाप्ति पश्चात् आगामी दिनमा संस्थालाई अझ स्तरीय, उद्देश्यमूलक र उपलब्धीमूलक रुपमा अगाडी बढाउन सदस्यहरुबाट प्राप्त हुने राय, सल्लाह सुझावलाई संस्थाको मार्गनिर्देशन सरह नै गम्भिरतापूर्वक लिई कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै संस्थाको २२ औं वार्षिक साधारण सभाको सम्पूर्ण कार्यक्रमहरु समापन गरियो ।